"पर्यटन, पूर्वाधार, कृषि क्षेत्रमा लगाऔ सीप र ज्ञान !समृद्ध पञ्चकन्या निर्माण हाम्रो अभियान !!"

# पञ्चकन्या गाउँपालिकाको

# आर्थिक ऐन,२०८०

## गाउँसभावाट स्वकृीत मितिः २०८०/०३/१० गते



पञ्चकन्या गाउँपालिका

लाकुरीभञ्ज्याङ, नुवाकोट

विक्रम संवत् २०८० साल असार १० गते

# पञ्चकन्या गाउँपालिकाको
# आर्थिक ऐन, २०८०

**प्रस्तावना:**

पञ्चकन्या गाउँपालिकाको आर्थिक बर्ष २०८०/०८१ को अर्थ सम्बन्धि प्रस्तावलाई कार्यान्वयनको निमित्त स्थानीय कर तथा शूल्क संकलन गर्ने, छुट दिने दस्तुर र जरिवाना संकलन गर्ने तथा आय संकलनको प्रशासनीक व्यवस्था गर्न वाञ्छनीय भएकोले नेपालको **संविधानको धारा २२८ को उप-धारा र (२) र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा (१०२)** बमोजिम पञ्चकन्या गाउँ सभाले यो ऐन बनाएको छ ।

१ . संक्षिप्त नाम र प्रारम्भः“ **पञ्चकन्या गाउँपालिकाको आर्थिक ऐन, २०८०**”रहेको छ ।

२.यो **ऐन तुरन्त प्रराम्भ भई लागू हुनेछ ।**

पञ्चकन्या गाउँपालिका, लाकुरीभञ्ज्याङ्ग, नुवाकोटको साविकमा निर्धारण भई रहेको कर, दस्तुर, शुल्क, महशुल आदीको आ२०८०.व./०८१ को २०८० श्रावण १ गते देखि लागु हुने गरी साविकको कर, दस्तुर, शुल्क, महशुल आदीको राजश्व परामर्श समितिको राय परामर्श समेतको आधारमा निम्न अनुसार संशोधन सहित पारीत गर्ने निर्णय गरीयो ।

**गाउँपालिका कर, दस्तूर, महशूल, शूल्क आदिको दर**
**२०८०.व.आ)/०८१ को २०८० श्रावण १ गते देखि लागु हुने(**
**यस गाउँपालिकाले कर, दस्तूर, महशूल आदि निम्न अनूसार लगाईने छ ।**

१. **घर वहाल कर** :आफ्नो क्षेत्र भित्रको घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड, कारखाना जग्गा वा पोखरी पुरै वा आंशिक रुपमा व्यवसायिक प्रयोजनका लागि फर्म,कम्पनी,उद्योग वहालमा दिएमा सम्बन्धित धनीबाट वहाल रकम **१० प्रतिशत घर वहालकर** लिने ।अन्यको हकमा घरवाहल कर ७ **प्रतिशत** कायम गर्ने।

२. **मनोरञ्जन करः** मनोरञ्जनको कार्यक्रम सञ्चालन गर्ने सञ्चालक सँग गाउँपालिका र सञ्चालक बीच आपसी समझदारीमा कार्य प्रकृती अनुसार सम्झौता गर्न मनोरञ्जन कर शुल्क लिने ।

३. **सम्पती मूल्याङ्कन दस्तूर** : सम्पती मुल्याङ्कन सिफारिस दस्तुर निम्मानुसार कायम गरिएको छ ।

क) २० लाख सम्म सम्पति मुल्याङ्कित भएमा ० 05.प्रतिशत,

ख) **२० लाख देखी ५० लाख सम्म सम्पति मुल्याङ्कित भएमा ० 075.प्रतिशत,**

ग) **५० लाख भन्दा माथि जतिसुकै सम्पति मुल्याङ्कित भएमा ०,प्रतिशत ०७५.**

**माथि उल्लेखित सम्पतिको अंग्रेजिमा सिफारिस गर्दा कग वर्गको दरको दोब्बोर दस्तुर लिईनेछ ।,ख,**

४. **घर निर्माण नक्सापास दस्तूर**ः घर निर्माण नक्सापास दस्तुर निम्न वमोजिम लिने ।

क) निवेदन फाराम **रु.१००।०० लिने,**

ख) ढलान गरी निर्माण गरिने घरलाई घर निर्माण स्वीकृती/ इजाजत आवश्यक प्रयोजनको लागि सम्पन्न प्रमाण पत्र लिने घर प्रतिवर्गफिट **रु. रु.५।**

ग) भवन निर्माण स्वीकृती व्यवसायीक प्रयोजन, मिश्रित (व्यापार सहिकतको आवश्यक प्रयोजन तथा संस्थागत प्रयोजन भए प्रति वर्गफिटः**रु.१०।-**

(घ) अभिलेखीकरण कार्यका लागि घर प्रतिवर्गफिट **रु.६ दस्तुर लिने।-**

(ङ) ढलान नगरी निर्माण गरिने घरलाई प्रति वर्गफिट **रु.१।००** र माटोको जडान घर निर्माण गर्नेलाई प्रति वर्गफिट **रु.।५०** नक्सापास दस्तुर लिने ।

च) नक्सा नामसारी तथा नवीकरण वापत प्रत्येक पटकको लागि **रु.५००।००** दस्तुर लिने ।

छ) साविक घरमा परिवर्तन नहुने गरी मर्मत गर्नु परेमा रु. **१००।००** दस्तूर लिने ।

ज) नक्सापास सम्बन्धी नक्सापास प्रमाणपत्रको **रु. २००।००** र पास भएको नक्साको **रु.३००।००** दस्तूर लिई प्रतिलिपी दिने ।

झ) नक्सा पास दरखास्त फाराम र नक्सा पास अभिलेखीकरण पुस्तिकाको प्रति पुस्तिका **रु.१०००।** शुल्क लिइने छ ।

**५. चारकिल्ला प्रमाणित दस्तूर** : चारकिल्ला प्रमाणित सिफारिस दिंदा निम्न वमोजिम क्षेत्रफल भएको जग्गाहरुमा निम्न वमोजिम सेवा शूल्क लिने ।

| सि.नं. | विवरण | रु. |
|---|---|---|
| १ | ५ रोपनि सम्मको जग्गाको | २५०।०० |
| २ | ५ रोपनि भन्दा बढी १० रोपनि सम्मका | ३५०।०० |
| ३ | १० रोपनि भन्दा बढी जतिसुकै भएपनि | ५००।०० |

६. **निवेदन दस्तूर** : कुनै पनि निवेदनहरुमा निवेदन दस्तुर बापत **रु १०** को टिकट टास गरेको हुनुपर्नेछ ।

७. **यस गाउँपालिकामा कर, दस्तूर, महशूल** आदी वूझाएको भनी लिएको प्रमाणपत्रहरु आदि हराएमा **रु.१००।००** लिई अर्को प्रतिलिपी प्रमाणपत्र दिईनेछ ।

८. **सिफारिस दस्तूरः** गाउँपालिकावाट उपलव्ध गराउने सिफारिसहरुको निम्न वमोजिम निवेदन फाराम दस्तूर र सिफारिस दस्तूर लिने ।

| **सि.नं.** | **विवरण** | **सिफारिस दस्तूर रु.** |
|---|---|---|
| १ | नाता प्रमाणित÷मुचुल्का प्रमाणित | २००।०० |
| २ | धारा /विजूली | २००।०० |
| ३ | नाम, थर आदि सच्याउने | २००।०० |
| ४ | जग्गा /जग्गा दर्ता /गुठी /रैकर आदि | १०००।०० |
| ५ | दैवि प्रकोप असाहय, अशक्त र जेष्ठ नागरिक भत्ताको मन्जुरनामा सिफारिस वाहेकका अन्य सिफारिसहरु | २००।०० |
| ६ | जग्गा खरिद विक्रीमा घर, वाटो प्रमाणित | ५००।०० |
| ७ | कालोपत्रे मोटरवाटो भएको छ भनि गरिने सिफारिसमा | ५००।०० |
| ८ | अन्य मोटरवाटो भएको छ भनि गरिने सिफारिसमा | २००।०० |
| ९ | आयश्रोत प्रमाणितको सिफारिसमा वार्षिक आयको हिसावले | वार्षिक हुन आउने रकमको ०.१ प्रतिशतका दरले |
| १० | व्यापारिक प्रयोजनका लागि रुख काट्नको लागि सिफारिस दिंदा प्रति रुख रु. | १००।०० |
| ११ | नागरिकता सिफारिस | १००।०० |
| १२ | नागरिकता प्रतिलिपी सिफारिस | ५००।०० |
| १३ | जन्म, मृत्युको सिफारिस दस्तुर रु. १००।००<br>बिवाह दस्तुर रु. ५००।०० बसाईसराइ<br>सिफारिश दस्तुर रु. १०००।०० | (३५ दिन भित्र गरेमा निःशुल्क) |
| १४ | सम्बन्ध बिच्छेद | २५००।०० |
| १५ | जग्गा नामसारी | ५००।०० |
| १६ | गाउँपालिकावाट सम्पन्न गर्ने योजनाहरुको वडा कार्यालयवाट गरिने सिफारिस दस्तुर निम्नानुसार तोकिएको छ ।<br>क. २ लाख सम्मको योजनाको रु २००।-<br>ख. २ देखि ५ लाख सम्मको योजनाको रु ५००।-<br>ग. ५ देखि २० लाख सम्मको योजनाको रु १०००।-<br>घ. २० लाख भन्दा माथिको योजनाको रु ३०००।-<br>ङ. महिलाहरु मात्र सदस्य भइ गठन भएको उपभोक्ता समितिको हकमा माथि | |

| | | |
|---|---|---|
| | उल्लेखित दस्तुरमा ५० प्रतिशत छुट हुने छ ।-<br>च. प्रदेश र संघीय सरकारबाट सम्पन्न गर्ने योजनाहरुको वडा कार्यालयबाट गरिने सिफारिस दस्तुर रु १० लाख सम्मको रु.१०००।— र सो भन्दा माथीको योजनाको सिफारिस दस्तुर रु.३५००।- | |
| १७ | अमृसो कुचो वा कुचो वा अमृसो निकारीमा प्रति के.जी. दस्तुर | रु.१।- |

**नोटः**

- **छात्रवृत्ति, आर्थिक सहायता, निःशूल्क स्वास्थ्य उपचार, दैवीप्रकोप, असाहय, अशक्त र जेष्ठ नागरिक** भत्ता प्राप्तको लागि गरिने मन्जुरनामाको सिफारिसमा सिफारिस दस्तुर छुट दिने ।

**९. परिचय पत्रको प्रतिलिपी, बिलम्ब तथा सेवा दस्तुरः** गाउँपालिकावाट परिचय पत्रको प्रतिलिपी तथा सो को बिलम्ब दस्तुर वापत निम्नानुसार दस्तुर लिइने छ ।

| **सि.नं.** | **विवरण** | **सिफारिस दस्तूर रु.** |
|---|---|---|
| १ | परिचय पत्रको प्रतिलिपी दस्तुर | ५००।०० |
| २ | व्यक्तिगत घटना दर्ताको प्रतिलिपी दस्तुर | ५००।०० |
| ३ | व्यक्तिगत घटना तथा नागरिक अभिलेख दर्ता किताब हेरेको | २००।०० |
| ४ | परिचयपत्र नंम्बर तथा बैयाक्तिक विवरणको प्रमाणिकरणको सेवा वापत पटकै पिच्छे | ५।०० |
| ५ | जैबिक विवरण वा परिचयपत्रको प्रमाणिकरणको सेवा वापत पटकै पिच्छे | १०।०० |
| ६ | विवाद निरुपणको लागि पक्षहरुले निवेदन दिदा पटकै पिच्छे निवेदन दस्तुर लिने | रु.५००।- |

**१०. मालपोतः**

अबल, दोयम खेत रु.३०।०० प्रति रोपनी पाखोबारी लगायत अन्य रु. १५ प्रति रोपनी १ आर्थिक बर्षमा नतिरेमा थप २५ प्रतिशत जरिवाना लाग्ने छ ।

**११. पशु सेवा सम्बन्धी सेवा दिंदा निम्नानुसार सेवा शुल्क लिइने छ ।**

- बिरामी पशुको रजिष्ट्रेसन शुल्कः रु १०।-
- गोबर परिक्षण शुल्कः रु १०।-
- बन्ध्याकरण वहर /बोका शुल्कः रु १००/ रु.२५

- **निरोगिता निर्यात सिफारिस**
    - भैंसी/रांगा निर्यात शुल्कः रु २००। प्रतिगोटा
    - बोका/खसि/बाख्रा निर्यात शुल्कः रु १००। प्रतिगोटा
    - कुखुरा (ब्रोईलर) निर्यात शुल्कः रु १। प्रतिगोटा

**१२. कृषि तर्फः**

- रजिष्ट्रेसन शुल्कः रु १०।-
- सानासिंचाई सिफारिस : रु १००।-
- मल बेचबिखन सिफारिसः रु १।- प्रति बोरा

**१३. स्वास्थ्य तर्फः** सार्वजनिक स्थलमा सुर्तिजन्य, लागुपदार्थ एंवम माधकपदार्थ सेवन गरेमा : रु २०० जरिवाना लिईनेछ।

**१४ पार्किङ शूल्क :** पार्किङ शूल्क निम्न अनूसार लिईनेछ ।निषेधित क्षेत्रमा पार्किङ गरेमा रु.१००।- दस्तुर लिईनेछ।

(क) गाउपालिका क्षेत्र भित्र प्रवेश गर्ने सवारी साधनहरुलाई व्यवस्थित पार्किङको व्यवस्था गरेमा सो स्थानमा पार्क गरे वापत बस, ट्रक, आदीमा एक पटकमा रु.२०।- पार्किङ शूल्क लिईने छ ।

**१५ व्यवसाय कर :** व्यवसाय कर निम्न अनूसार लिईनेछ ।

| सि.न. | विवरण | श्रेणी बर्गिकरण | | |
|---|---|---|---|---|
| | | क (रु) | ख (रु) | ग (रु) |
| १ | **होटेल/लज/रेष्टुरेन्ट**<br>➢ ५(पाँच) कोठा भन्दा बढी कोठा भएको लज तथा खाना भएको होटेललाई **(क)**<br>➢ लज मात्र भएको लजलाई **(ख)**<br>➢ साधारण खाना, नास्ता, लज भएकोलाई **(ख)**<br>➢ रेष्टूरेन्ट मात्र भएकोलाई **(ग)**<br>➢ १० कोठा भन्दा माथि ए.सी. भएको होटेल, रेष्टुरेन्टको रु. २०००।- | १००० | ८०० | २०० |
| २ | **मासु पसल**<br>➢ रांगाको समेत सबै प्रकारका मासू मात्र बेच्नेलाई **(क)**<br>➢ खसी र कूखूरा बेच्नेलाई **(क)** | ६०० | ४०० | २०० |

| | | | | |
|---|---|---|---|---|
| | ➢ रांगा वाहेक खसी वोका सहितको मासू बेच्नेलाई **(ख)**<br>➢ रांगा खसी, वोका वाहेकको मासू मात्र बेच्ने लाई **(ग)** | | | |
| ३ | मदिरा पसल<br>➢ ईजाजत प्राप्त थोक मदिरा पसललाई (क)<br>➢ ईजाजत प्राप्त खुद्रा मदिरा पसललाई (ख) | १५०० | १००० | |
| ४ | कोल्डड्रिङ्स पसल | १०० | | |
| ५ | सून,चांदी गहना पसल व्यबसाय | १००० | | |
| ६ | रेडियो/मोवाईल बिक्री तथा मर्मत | ५०० | | |
| ७ | संचार सेवा | २५० | | |
| ८ | घडी बिक्री तथा मर्मत | २०० | | |
| ९ | केवल टि.भि. सेवा | ३००० | | |
| १० | **फोटो स्टूडियो**<br>➢ कलर ल्यावलाई **(क)**<br>➢ फोटो स्टूडियोलाई **(ख)** | ८०० | ३०० | |
| ११ | हजाम | १०० | | |
| १२ | टेलरिंग | १०० | | |
| १३ | **जुता**<br>➢ जूत्ता सिलाई र बेच्नेलाई **(क)**<br>➢ जूत्ता मर्मत मात्र गर्नेलाई **(ख)** | ५०० | २०० | |
| १४ | **मोटर वर्कशप**<br>➢ गाडीको वडी बनाउने तथा मर्मत गर्ने **(क)**<br>➢ मोटरसाईकल सहित विभिन्न सवारी साधन मर्मत गर्ने **(क)**<br>➢ मोटरसाईकल मात्र मर्मत गर्नेलाई **(ख)**<br>➢ सम्पूर्ण सवारी साधन मर्मत र पार्टस बेच्नेलाई **(क)**<br>➢ सम्पूर्ण सवारी साधन मर्मत गर्नेलाई **(ख)**<br>➢ गाडीहरु मर्मत र पार्टस बेच्नेलाई **(ख)**<br>➢ गाडी मर्मत मात्र गर्नेलाई **(ग)**<br>➢ मोटरसाईकल मर्मत र पार्टस बेच्नेलाई **(ख)**<br>➢ मोटरसाईकल मर्मत मात्र गर्नेलाई **(ग)** | १००० | ५०० | २०० |
| १५ | **छापाखाना**<br>अपसेट प्रेसलाई **(क)**<br>डसाधारण प्रेसलाई **(ख)** | १००० | ७०० | |
| १६ | **स्वास्थ्य सेवा** | १००० | ८०० | ५०० |

| | | | | |
|---|---|---|---|---|
| | ➢ अस्पताल लाई **(क)**<br>➢ पोली क्लिनीकलाई **(ख)**<br>➢ थोक मेडिकललाई **(ख)**<br>➢ मेडिकललाई **(ग)** | | | |
| १७ | **मेटल वर्कशप** | १००० | | |
| १८ | **काष्ठ उद्योग**<br>➢ काठ चिरानी मेशिन सहित काठहरुको विभिन्न फर्निचर र अरु काठहरुको झ्यालढोका आदि बनाउनेलाई **(क)**<br>➢ कुनै एक मात्र बनाउने लाई **(ख)** | २४०० | १५०० | |
| १९ | **ईटा भट्टा र ईटा डिपो**<br>➢ ईटा भट्टालाई **(क)**<br>➢ ईटा डिपोलाई **(ख)**<br>➢ इट्टा बिक्रिकर प्रति इट्टा ४० पैसा । | १२५०० | ५००० | |
| २० | **कम्प्युटर ईन्ष्टिच्युट** | ५०० | | |
| २१ | **दाउरा डिपो** | २०० | | |
| २२ | **पान पसल** | १००।०० | | |
| २३ | **बेकरी उद्योग र बेकरी पसल**<br>➢ उद्योगलाई (क)<br>➢ पसललाई (ख) | १००० | ८०० | |
| २४ | **तरकारी र फलफुल पसल** | ५०० | | |
| २५ | **चित्रा पसल** | ५०० | | |
| २६ | **मिलहरु**<br>➢१० हर्षपावर भन्दा माथिको क्षमताको मिललाई **(क)**<br>➢सो भन्दा कम हर्षपावर क्षमताको मिललाई **(ख)** | १००० | ६०० | |
| २७ | **डिलर** | २००० | | |
| २८ | **साईकल भाडा तथा मर्मत** | १०० | | |
| २९ | **नेपाल सरकारको ईजाजत प्राप्त घ वर्गको**<br>➢ दर्ता शुल्क रु.२५०००।-<br>➢ नविकरण शुल्क रु ६०००।- | | | |
| ३० | **कपडा पसल** | १००० | | |
| ३१ | **किराना पसल** | १५०० | ५०० | ३०० |

| | | | | |
|---|---|---|---|---|
| | ➢थोक सहितको किराना पसललाई **(क)**<br>➢पचास हजार भन्दा बढी लगानी भएको किराना पसललाई **(ख)**<br>➢सो भन्दा कम लगानी भएको किराना पसललाई **(ग)** | | | |
| ३२ | **भाँडा पसल**<br>➢ धातू तथा प्लाष्टिकका भाँडा तथा सामान बेच्नेलाई **(क)**<br>➢ नुवाकोट जिल्लामा उत्पादन भएको माटोको भाँडा बाहेक अन्यत्रबाट ल्याएर बिक्री गर्ने माटोको भाँडा तथा सामान बेच्नेलाई **(ख)** | ४०० | २०० | |
| ३३ | **चुरा धागो तथा श्रृङ्गारका सामान पसल**<br>➢ थोक सहितको पसललाई **(क)**<br>➢ पचास हजार भन्दा बढी लगानी भएको पसललाई **(ख)**<br>➢ सो भन्दा कम लगानी गर्ने पसललाई **(ग)** | ५०० | ३०० | १०० |
| ३४ | **कुखुरा पालन**<br>➢ एक हजार भन्दा बढी कुखुरा पाल्नेलाई **(क)**<br>➢ एक हजार भन्दा कम कुखुरा पाल्नेलाई **(ख)** | १००० | ६०० | |
| ३५ | तैयारी पोशाक पसल | २०० | | |
| ३६ | तैयारी जूत्ता पसल | २०० | | |
| ३७ | दन्त क्लिनिक | २०० | | |
| ३८ | हार्डवेयर पसल | १००० | | |
| ३९ | ईलेक्टिक पसल | १००० | | |
| ४० | कानूनी फर्म | ५०० | | |
| ४१ | साईन बोर्ड पेन्टीङ | २०० | | |
| ४२ | फर्निचर एण्ड फर्निसिंग पसल | १००० | | |
| ४३ | **स्टेशनरी पसल**<br>➢ खेलकुद सामग्री सहित भएको लाई **(क)**<br>➢ स्टेशनरी मात्र भएको लाई**(ख)** | ५०० | ३०० | |
| ४४ | जडीबुटी खरिद विक्री पसल | १५०० | | |
| ४५ | लेखापरीक्षक/ घर नक्सा तयार गर्ने प्राविधिक सूचिकृत दस्तुर क्रमशः १००० /२००० | | | |
| ४६ | टेलिभिजन पसल | १००० | | |
| ४७ | **निम्ननानुसार पुँजि लगानी गरि सञ्चालन गर्ने ।उद्योगहरुलाई निम्नानुसार बार्षिक व्यवसाय कर तोकिएको छ ।**<br>➢ ५० लाख भन्दा माथि पूजि लगानी गरि सञ्चालन भएका | २५००० | १५००० | १०००० |

| | | | | |
|---|---|---|---|---|
| | उद्योग **(क)**<br>➢ २० लाख देखी ५० लाख पुँजि लगानी गरी सञ्चालन भएका उद्योग **(ख)**<br>➢ १० लाख देखी २० लाख सम्म पूँजि लगानी गरी सञ्चालन भएका उद्योग **(ग)**<br>➢ १० लाख भन्दा कम पुँजी लगानी गरी सञ्चालन भएका उद्योग **(घ)** ३०००।- | | | |
| ४८ | विज्ञापन सेवा वा एजेन्ट | ५०० | | |
| ४९ | पशु वधशाला | १००० | | |
| ५० | अन्तरराष्ट्रिय गैरसरकारी संस्था ( शाखा कार्यालय समेत) | ५००० | | |
| ५१ | **वित्तिय सेवा**<br>➢ नेपाल सरकारको पूर्ण स्वामित्व रहेको बाहेक आर्थिक कारोवार गर्ने बाणिज्य बैंक **(क)**<br>➢ वित्तिय संस्थाको शाखा कार्यालय **(ख)**<br>➢ ऋिण तथा बचत सहकारी संस्था **(ग)** | ५००० | २००० | १००० |
| ५२ | निजी स्कुल | १००० | | |
| ५३ | **सिनेमा हल**<br>➢ सिनेमा हललाई **(क)**<br>➢ भिडिया हललाई **(ख)** | १००० | ५०० | |
| ५४ | चस्मा पलस | ५०० | | |
| ५५ | सिलाई मेशिन बिक्री तथा मर्मत गर्ने पसल | ५०० | | |
| ५६ | रेर्फिजेरेटर | ५०० | | |
| ५७ | दुग्घ डिपो /पसल | ५०० | | |
| ५८ | व्यूटि पार्लर | ५०० | | |
| ५९ | कुनै पनि माल वस्तहरु सप्लायर्स | २००० | | |
| ६० | टेलिफोन टावर राखि संचार सेवा उपलब्ध गराउने संस्थालाई आ.व.०६९/७० देखि | २५००० | | |
| ६१ | जग्गा विकास/ हाउसिंङ्ग | ५००० | | |
| ६२ | म्यानपावर सेवा | १५०० | | |
| ६३ | क्याटेरिङ्ग सेवा | १००० | | |
| ६४ | **वित्तिय कारोवार अन्य कारोवार गर्ने सहकारी संस्थाको बार्षिक शूल्क**<br>➢ बचत तथा ऋण सहकारी **(क)**<br>➢ अन्य सहकारी संस्था **(ख)** | १५०० | १००० | |

| | | | | |
|---|---|---|---|---|
| ६५ | मार्वल / टायर पसल | २००० | | |
| ६६ | **सवारी साधनको शोरुम**<br>➢ गाडीको शोरुम **(क)**<br>➢ मोटरसाईकलको शोरुम **(ख)**<br>➢ ट्याक्टर तथा अन्य मेशिनरीको शोरुम **(ग)** | ५००० | ३००० | २००० |
| ६७ | माथी उल्लेख भएको वाहेक अन्य व्यवसाय, सेवा आदिहरुमा तोकिएको समयको हद भित्र रहेर कर असुली गर्ने | | | |
| ६८ | कृषि सामग्रीको पसल/ भेटेनरी सम्बन्धी | ५०० | | |
| ६९ | आईस क्रिस पसल | ३०० | | |
| ७० | कृषि तथा पशुपालन व्यवसाय (वंगुर, माछा,गाई,भैंसी, कुखुरा) | ५०० | | |
| ७१ | निजी कलेज | ५००० | | |
| ७२ | पानी ट्यांकर | ५०० | | |
| ७३ | ग्यास डिपो | ७०० | | |
| ७४ | यस गाउँपालिका भित्र कृषि तथा पशु व्यवसाय फर्म दर्ता दस्तुर रु १००० र सो को बार्षिक नवीकरण दस्तुर रु ५०० लाग्नेछ । | | | |
| ७५ | **व्यवसाय दर्ता खारेजी** | १०००।- | | |
| ७६ | **पर्यटन शूल्क**<br>(क) प्रेवश शूल्क रु.१०।- विद्यार्थीको लागि<br>(ख) प्रेवश शूल्क रु.२५।-वयश्कको लागि<br>(ग) पिक्निक स्पोर्ट शूल्क रु.५०००।- प्रति टिम | | | |

**नोट :**

१. यसमा डिलर, एजेन्ट, डिपो, सव डिलर आदी वाहेक अन्य पसल, उद्योग, व्यवसायको हकमा कसैले एउटै पसलमा धेरै आईटम राखि पसल वा व्यवसाय गरेको छ भने सवै आईटम मध्ये कूनै एकको मात्र कर लिने छ तर यस्मा सवै आईटम मध्ये जुन आईटमको कर रकम बढी छ सोहीलाई कायम गरी कर असूल गरिनेछ ।

२. विगत जतिसुकै वर्षहरुको व्यवसायकर बूझाउन बाँकी रहेको भए तापनि २०८० असोज मसान्त सम्ममा यस अघि बुझाउनु पर्ने कर बुझाएमा जरिवानामा ५० प्रतिशत छूट दिनेछ । उक्त म्याद भित्र कर नवुझाउने करदाताहरुवाट बुझाउनु पर्ने सम्पूर्ण व्यवसायकरमा यस अघिको व्यवसाय करमा प्रतिवर्ष १० प्रतिशत का दरले जरिवाना सहित व्यवसायकर असुल गरिनेछ ।

**१६. सरसफाई शूल्कः**

| क्र.स. | विवरण | न्यूनतम |
|---|---|---|
| १ | आवासिय २ तला सम्म | १०० |
| २ | आवासिय २ तला माथी | १५० |
| ३ | होटल, लज सहितको व्यवसायिक | १००० |
| ४ | होटल, सानो चिया नास्ता | ३०० |
| ५ | मासु पसल रांगा / खसी | ३०० |
| ६ | मासु पसल कुखुरा | ४०० |
| ७ | सैलुन | १०० |
| ८ | तरकारी, फलफुल | २०० |
| ९ | पान पसल | १००।०० |
| १० | माछा पसल | १०० |
| ११ | किराना होलसेल पसल | ४०० |
| १२ | किराना खुद्रा पसल | २०० |
| १३ | फेन्सी, मोबाईल, साईबर, कपडा, घडी पसल, चुरा धागो | १०० |
| १४ | सुन पसल | २०० |
| १५ | स्कुल, क्याम्पस सरकारी | २०० |
| १६ | स्कुल, क्याम्पस निजी होटल सहित | ५०० |
| १७ | स्कुल, क्याम्पस निजी | ३०० |
| १८ | कार्यालय सरकारी | ३०० |
| १९ | कार्यालय निजी, संघ संस्था | ४०० |
| २० | उद्योग ठूलो व्यवसायिक | १००० |
| २१ | उद्योग घरेलु, साना छाता जुत्ता, झोला | ५०० |
| २२ | धान, चिउँरा, तेल मिल आदि | ५०० |
| २३ | फर्निचर उद्योग | १००० |
| २४ | बस, माइक्रो काउन्टर | २०० |
| २५ | हस्पिटल, पोलिक्लिनिक सुई सिरिन्ज बाहेक | १५०० |
| २६ | मेडिकल हल, एग्रोभेट | ५०० |
| २७ | कुखुरा फर्म ठुलो ५०० भन्दा बढी | ६०० |
| २८ | कुखुरा फर्म सानो ५०० भन्दा कम | ३०० |
| २९ | हार्डवयर पसल | ३०० |
| ३० | स्टेशनरी पसल | १०० |
| ३१ | कापी उद्योग, छापाखाना | ५०० |
| ३२ | मोटर वर्कशप | १००० |
| ३३ | साईकल, मोटरसाईकल वर्कशप | ५०० |

| | | |
|---|---|---|
| ३४ | मोटर, मोटरसाईकल सोरुम | ३०० |
| ३५ | मेटल वर्कशप, मोटर पार्टस, वर्कशप | ४०० |
| ३६ | टायर रिसोलिङ | १००० |
| ३७ | बैंक | ५०० |
| ३८ | सहकारी संस्था | ३०० |
| ३९ | टेलरिङ पसल | ४०० |
| ४० | इट्टा विक्रि केन्द्र, भट्टा | १००० |
| ४१ | पेट्रोल पम्प | ३०० |
| ४२ | मदिरा पसल | १००० |
| ४३ | टिभी, इलेक्ट्रिक तथा मर्मत पसल | ४०० |
| ४४ | हस्तकला, आर्स, प्लेक्स | २०० |
| ४५ | सिनेमा हल, पार्टी प्यालेस ,क्याटरिङ | १००० |
| ४६ | दुध डिपो | ३०० |
| ४७ | व्युटि पार्लर | ३०० |
| ४८ | सिलाई मेसिन पसल तथा मर्मत | ३०० |
| ४९ | कुखुरा बाहेक कृषि फर्म | ३०० |
| ५० | अन्य | ३०० |

**१७. हलभाडाः**

यस गाउंपालिकामा रहेको हल तथा प्रोजेक्टर प्रयोग गरे बापत प्रति दिन सरकारी कार्यालयको हकमा रु.५००।- अन्य संस्थाको हकमा रु.१०००।- भाडा लिई उपलव्ध गराउने ।

**१८. विज्ञापन करः**

ठेक्का प्रकृया द्धारा विज्ञापन कर उठाउनको लागि देहाय अनूसार दररेट निर्धारण गरी विज्ञापनकर कर लिने ।

क) सववोर्ड प्रति वर्गफिट रु. ४०।-

ख) होडिंगवोर्ड प्रति वर्गफिट रु. ७५।-

ग) ग्लोसाईनवोर्ड प्रति वर्गफिट रु. ९०।-

घ) भित्तेलेखन/सटर पेन्टिंग प्रति वर्गफिट रु. २०।-

ङ) ब्यानर प्रति हप्ता रु. १००।-

च) पोलबोर्ड प्रति गोटा प्रति वर्ष रु. १०००।-

छ) डिजिटल बोर्ड प्रति वर्गफिट रु. २००।-

ज) दर्ता भई वा नभइ संचालन गरेका किराना तथा खुद्रा व्यबसायको लागि प्रति व्यबसायी रु.२००।-

१९. **सार्वजनिक शौचालय** : निजी क्षेत्रसंग साझेदारी माध्यमवाट शुल्क निर्धारण गरी सञ्चालन गर्ने ।

२०. **टेलिफोन टावर कर** : नेपाल टेलिकमको बाहेक अन्य दूरसंचार प्रदायक संस्था गाउंपालिकाक्षेत्र टेलिफोन प्रसारणको लागि गाडिएको केन्द्रीय प्रसारण टावरलाइलाई बार्षिक प्रति टावर रु. ३,०००।- र स्थानीय प्रसारणलाई टावरलाई वार्षिक रु. ५००।-

२१.**खानेपानी मुहान दर्ता शुल्कः** यस पन्चकन्या गाउपालिका भित्र खानेपानी बितरण गर्ने कार्य संचालन गर्न कार्यविधि अनुसार खानेपानीको मुहान दर्ता गरेर मात्र खानेपानी योजना संचालन गर्न पाइनेछ सोका लागि खानेपानी मुहान दर्ता गर्नुपर्नेछ सो को शुल्क रु. ५०००।- तोकिएको छ ।

२२.**खानेपानी मुहान नवीकरण शुल्कः** यस पन्चकन्या गाउपालिका भित्र खानेपानी बितरण गर्ने कार्य संचालन गर्न खानेपानीको मुहान दर्ता बार्षिक नवीकरण शुल्क रु. २०००।- तोकिएको छ ।

२३. **उपभोक्ता समिति दर्ता शुल्कः** यस पन्चकन्या गाउपालिका स्थायी रुपमा उपभोक्ता समिति गठन गरि गाउपालिकाको कार्य गर्ने उद्देश्यले उपभोक्ता समिति गरेमा सो को शुल्क रु. १०००।- तोकिएको छ ।

२४. **उपभोक्ता समिति नवीकरण शुल्कः** यस पन्चकन्या गाउपालिका स्थायी रुपमा उपभोक्ता समिति बार्षिक नवीकरण शुल्क रु. ५००।- तोकिएको छ ।

२५. **योजना संचालन पुस्तिका बिक्री मूल्य :** यस पन्चकन्या गाउपालिकामा उपभोक्ता समि बिबरण संकलन हुने पुस्तिका गाउपालिकाले छपाइ गरि उपभोक्ता समितिलाइ उपभोक्ता समितिको बिबरण भर्न सोही पुस्तिका प्रयोगमा ल्याइएकोले सो को बिक्री मूल्य रु. १०००।- तोकिएको छ ।

२६. निजी स्वास्थ सूचीकरण कर : १५०००।-

२७. **व्यबसाय कर :** यस पञ्चकन्या गाउंपालिका भित्र कूनैपनि व्यबसाय दर्ता गर्न र ती व्यबसायको नबीकरण शुल्क यसै आर्थिक ऐन अनुसार हूनेछ । यस ऐनमा नसमेटिएका व्यबसाय दर्ता र सोको नबिकरण दस्तूरको हकमा **व्यबसाय दर्ता तथा नबिकरण सम्बन्धि कार्यबिधि २०७५"** बमोजिम हूनेछ ।